# नेपाल बैंक लिमिटेडको ५७ औ साधारण सभा

मिति:२०७३/१२/२०

नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेडको ५७ औं साधारण सभा मिति २०७३ चैत्र २० गते काठमाडौमा सम्पन्न भएको छ। सभामा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री जनार्दन शर्मा आचार्यले आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन र भावी योजना प्रस्तुत गर्नु भयो । हाल सञ्चालक समितिमा नेपाल सरकारबाट नियुक्त भएका श्री जनार्दन शर्मा आचार्य अध्यक्ष तथा सदस्यहरु श्री रामशरण पुडासैनी, डा. डम्बरबहादुर भण्डारी, श्री दीपेन्द्र विक्रम थापा र डा.उमाकान्त सिलवाल (व्यावसायिक विशेषज्ञ) एवं सर्व साधारण सेयधनीहरुको तर्फबाट निर्वाचित दुई जना सदस्यहरु श्री सुरेन्द्रबहादुर सिंह र श्री निश्चल प्रधान रहेका छन।

आर्थिक वर्ष २०७२/७३ मा बैंकको सञ्चालन नतिजा उत्साहवर्द्धक रहेको छ। उक्त वर्षमा निक्षेप १४.६३ % ले वृद्धि भई रु. ८९ अरब ४१ करोड पुगेको छ भने कर्जा १८.९९ % ले वृद्धि भई रु. ६३ अरब ५२ करोड पुगेको छ। लगानी २३.९८ % ले घटेर १२ अरब ८७ करोड पुगेको छ। जगेडा तथा कोषहरु १०९.४५ % ले वृद्धि भई रु. २ अरब ४८ करोड ले धनात्मक भएको छ जुन गत आ.व. मा रु. २ अरब ६३ करोड ऋणात्मक रहेको थियो । पूँजीकोष २.७० % ले वृद्धि भई १०.२० % मा पुगेको छ भने निष्कृय कर्जा ०.८७ % ले घटेर ३.११ % रहेको छ।




बैंकको भावी योजनाहरु मध्ये यस आर्थिक वर्षभित्र नेपाल राष्ट्र बैंकले तोके बमोजिम बैंकको चुक्ता पूँजी न्यूनतम रु. ८ अरब पुऱ्याउने लक्ष्य रहेको छ। बैंकलाई वित्तीयरुपले बलियो बनाउन बैंकको उपयोगमा नआएका बैंकिङ्ग सम्पत्तिहरुको विकी गर्ने नीति रहेको, त्यस्तै, चुक्ता पूँजी वृद्धिको लीगि १०:२.३ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रकृयामा रहेको छ। यस बाहेक शेयरधनी महानुभावहरुको चाहना अनुसार सकभर चाँडो प्रतिफल दिने प्रयासमा बैंकले निरन्तर काम गरिराखेको छ। नियमनकारी निकायले दिएको निर्देशन बमोजिम कृषि, जलविद्युत, घरेलु, साना तथा मझौला उत्पादनमूलक उद्योग, प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी बढाउने योजनाका साथ ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी नयाँ योजनाहरु ल्याई रहेको र अझ थप नयाँ योजनाहरु ल्याई प्रतिस्पर्धी व्याजदरमा छिटो छरितो सेवा विस्तार गर्ने कार्ययोजना रहेको छ।

सभामा साधारण शेयरधनीहरुले व्यक्त गरेका गुनासा एवम सुझावहरुको प्रत्युत्तरमा सञ्चालक समितिका अध्यक्षले सुझावहरुको कार्यान्वयन गर्ने तथा बैंक विकास प्रति आफु प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नु भयो।

(सूर्यमान राजभण्डारी)
जनसम्पर्क अधिकृत

Nepal Bank Limited, Head Office, Dharmapath, Kathmandu
Tel: 4247999 Fax: 4220414 info@nepalbank.com.np www.nepalbank.com.np